बारागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खोपवा, बारा

२ नं.प्रदेश, नेपाल

दाश्रो गाउँ सभा आ.ब.०७५/०७६ नीति, बजेट तथा कार्यक्रम

# सार्वजनिकीकरण सभा

मिति :- २०७५/०४/०५ गते

सर्वप्रथम म नेपालको प्रजातान्त्रिक/लोकतान्त्रिक आन्दोलन, १० बर्षे जनयुद्ध तथा ऐतिहासिक अधिकार प्राप्ती तराई मधेश आन्दोलनमा सहादत प्राप्त गर्नुभएका सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली सुमन अर्पण गर्दछु ।

यस बारा जिल्लाका ६ वटा साविक गा.वि.स.हरु खोपवा, बिशुनपुर्वा, सिंहासनी, पथरा, गढहल र पिप्रा बस्तपुर मिली बनेका यस बारागढी गाँउपालिकाको गरिमामै दोश्रो गाँउसभा सार्वजनिकीकरण सभाका अध्यक्ष तथा सम्पुर्ण सभा सदस्य ज्युहरुमा सर्वप्रथम मेरो व्यक्तिगत तर्फबाट र बारागढी गाँउ कार्यपालिकाको तर्फबाट हार्दिक अभिनन्दन गर्दछु ।

ऐतिहसिक, धार्मिक, भौगोलिक, राजनितिक, पर्यटकिय एवम विविध दृष्टिकोणले महत्व राख्ने यस बारा जिल्ला अन्तरगतको बारागढी गाँउ कार्यपालिकाको दोश्रो गाँउसभा सार्वजनिकीकरण समारोहमा उपस्थित गाउँसभा सदस्य ज्युहरुमा हर्दिक कृतज्ञता जाहेर गर्दै आ.व.२०७५/०७६ को बार्षिक निति कार्यक्रम तथा राजश्व ब्यय बजेट प्रस्तुत गर्न पाउदा आफुलाई गौरवान्वित ठान्दछु ।

आजका निर्वाचित जन प्रतिनिधि ज्युहरु द्धारा स्थानिय तह प्रति गुम्न लागेको जन बिस्वास एवम मुल्य मान्यताको पुर्ण स्थापन गर्नुपर्ने चुनौतीलाई महसुस गरी राजनितिक दल, नागरिक समाज , बुद्धिजीवीहरुको सुझाव, सल्लाह र परामर्श लिनुका सथै स्थानिय सरकार संचालन ऐन २०७४ र आर्थिक कार्यविधि ऐन २०५५ तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त निति निर्देशन, सार्वजनिक खर्चको मितव्ययिता र प्रभावकारीकता कायम गर्ने सम्बन्धी नीतिगत र्मागदर्शन, २०७५ को अधिनमा रहि तयार भएको निति तथा कार्यक्रम पेश गरेको छु ।

संघीयता र स्थानीय सरकार मार्फत घरघरमा अधिकार गाउँ-गाउँमा सिंहदरबार, हाम्रो गाउँ हामी आफैं बनाऔं आफनो विकास आफै गरौं जस्ता सिद्धान्तहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन सम्मान योग्य छ । हामीलाई यो अवस्था सम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान, २०७२ निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं परोक्ष ढंगले भूमिका खेल्नु हुने सबैलाई धन्यबाद दिन चाहन्छु ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

***अब म विषयगत क्षेत्रहरुको निति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।***

**भौतिक पूर्वाधार तर्फ :**

१. विगत २० वर्ष देखि रिक्त स्थानीय निकायको निर्वाचन भई गत आ.ब. देखि जनप्रतिनिधि विहीन अवस्थाको अन्त्य भएको छ । अवका दिनमा बारागढी गाउँपालिकाको स्थानीय सरकारले यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने, पिछडीएको वर्ग, समुदाय तथा क्षेत्रको उत्थान तथा मूल प्रवाहिकरण हुने खालका योजना तर्जुमा गर्ने, सहभागितामूलक योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित र यस क्षेत्रको माटो तथा हावापानी सुहाउँदो कार्यक्रम एवं विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिइएको छ ।

समाजमा निहित विभेदपूर्ण व्यवहार तथा माथिल्लो वर्ग र तल्लो वर्ग विचको खाडल पुर्ने कार्य गर्नु गराउनु हाम्रो लागि चुनौतीपूर्ण छ । जुन कार्य हामीले जस्तो सुकै मूल्य चुकाएर पनि गर्नु पर्ने अवस्था छ । हामीले सदियौं देखि समाजमा निहित सबै खाले विभेदको अन्त्य गर्न सक्यौं भने मात्र समानुपातिक ,समुन्नत र न्यायपूर्ण समाज निर्माण हुनसक्छ ।

२. हाम्रो भूगोलमा पूर्वाधार विकासको पहिलो शर्त सडक हो भन्ने कुरा हामी सबैले महशुस गरेका छौं । बिभिन्न जटिलतामा सहजीकरण गर्न सक्ने प्राविधिक ज्ञान, सिपको उच्चतम सदुपयोग गर्दै यस क्षेत्रका सडक पूर्वाधारलाई आधारभूत मापदण्ड अनुकुल व्यवस्थित एव विकास गरिनेछ । यस गाउँपालिकाका ६ वटै वडा क्षेत्रहरुबाट गाउँपालिकाको केन्द्र र सदरमुकाम सम्म बर्षभरी चल्ने गरी सडकको केही भाग मर्मत, पिच र केही भागमा ढलान (पक्की) र ग्राभेल समेत गरिने छ ।

## आर्थिक विकास तर्फ :

३. प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै कुलो सिँचाई, मलखाद, बीउ विजनको उपलब्धतामा सुधार गरिनेछ । पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमलाई प्राथमिकता साथ कार्यान्वयन गर्दै आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषकहरुको केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपले सञ्चालन गरिनेछ । साथै कृषि सडकको निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

४. आर्थिक विकासको महत्वपूर्ण आधार आर्थिक क्रियाकलाप हो । नयाँ संरचना निर्माण सँगै यस क्षेत्रको आर्थिक क्रियाकलापहरुमा उल्लेख्य बृद्धि हुने निश्चित छ । कृषि तथा अन्य गैर कृषि जन्य उत्पादन बृद्धि गर्न विषादि मुक्त प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरी आर्थिक तथा वित्तिय कारोबारहरुलाई व्यबस्थित एवं अनुशासित बनाउँदै यस क्षेत्रको उच्च आर्थिक बृद्धि हासिल गर्ने नीति लिईनेछ । यस गाउँपालिका क्षेत्रमा बैंक तथा वित्तिय संस्थाहरु सञ्चालनमा आइसकेको अवस्थामा गाउँ स्तरमा विभिन्न समुह मार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा नीति लिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ । बैकिङ्ग तथा वित्तिय क्षेत्रको विकास गरिनेछ ।

५. सहकारी संस्था मार्फत जनताको जिवन स्तर उकास्न आवश्यक व्यवस्था गरिनेछ । सहकारी नीति मार्फत सहकारी संस्थाको नियमन गरिनेछ । जथाभावि सहकारी गठन हुने प्रवृतिलाई अन्त्य गरि आवश्यकता र औचित्यतामा आधारित भई गठन गर्ने निती अवलम्वन गरिनेछ।

६.आजको युग सूचना र सञ्चारको युग हो । सूचना प्रविधिको विकास विना समृद्धिको परिकल्पना गर्न सकिँदैन । सञ्चार क्षेत्रको विकासका लागि प्रत्येक वडामा क्रमशः ईन्टरनेट सेवा विस्तार गर्नुका साथै नेपाल टेलिकम तथा अन्य सञ्चार सम्बद्ध संस्थाहरुसँग आवश्यक सहकार्य गरी यस क्षेत्रको सञ्चार सेवाको गुणस्तरमा सुधार गरिने छ ।

७. यस बारागढी गाउँपालिकाको प्रमूख पर्यटकीय स्थल रामजानकी मठ, राजेश्वरीमाई मन्दिरलाई थप पूर्वधार मैत्री बनाउन आ.ब.०७४/०७५ मा सुरुवात भएको कार्यलाई थप निरन्तरता दिई पर्यटकलाई आकर्षन गर्ने स्थलको रुपमा स्थापित गरिनेन्छ ।

**<u>सामाजिक तथा साँस्कृतिक विकास तर्फ :</u>**

८. शिक्षा क्षेत्रमा भएको लगानीको प्रतिफलमा प्रभावकारिता अभिबृद्धि गर्न सेवाको गुणस्तरमा थप सुधारको व्यवस्था मिलाईनेछ । सीपयुक्त शिक्षाका लागि प्राविधिक तथा व्यवसायिक शिक्षालाई क्रमशः विस्तार गरिनेछ । राष्ट्रिय नीति साक्षरता अभियानलाई पनि निरन्तरता दिइनेछ।
४.स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिबृद्धि गरिनेछ । यसका लागि आवश्यक योजना कार्यक्रमहरु संचालन गरिनेछ ।

९. उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न युवालाई छोटो र लामो अवधिको तालिम दिइनेछ । स्वस्थय, अनुशासित तथा सिर्जनशिल युवा शक्ति उत्पादन गर्न खेलकुद क्षेत्रको विकासको लागि खेलकुद पूर्वाधारको विकास गरिनेछ ।

१०. नेपाल सरकारले हरेक गाउँपालिकामा कल्पना गरेको अस्पताल बनाउने कार्यक्रम लिएअनुरुप यस गाउँपालिकाले त्यसै अनुरुप पहल गर्नेछ । गाउँपालिकालाई पुर्ण खोप दिगोपना, पुर्ण सरसफाईयुक्त बनाउनका साथै वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु तथा ग्रामिण स्वाथ्य कार्यकर्ताहरुको परिचालनमा प्रभावकारिता अभिवृद्धि गरिनेछ । युवा युवतीहरुको लागि यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । आर्थिक विपन्नता तथा अन्य कारणले आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित हुन पुगेका नागरिकहरुको अवस्थालाई मध्यनजर गर्दै सेवा प्राप्त हुन नसकेको क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराईनेछ । यस क्षेत्र भित्र रहेका वर्थिङ सेन्टरको अवस्थामा उलेल्खनिय सुधार ल्याई परिवर्तनको प्रत्यक्ष अनुभूति गराइनेछ। स्वास्थ्य स्वंयम सेविकाहरुको कार्यको सम्मान र कदर गरिने योजना समेत ल्याइनेछ।

११. लैगिंक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । संघीय सरकार मार्फत सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिनेछ । लाभ ग्राहीहरुको विवरण अनलाइन अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम बैकिंङ्ग प्रणालीमार्फत वितरण गर्नुका साथै समयमा नै उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

१२. सामाजिक तथा सांस्कृतिक विविधता युक्त यस क्षेत्रमा सह-अस्तित्वको आधारमा स्वस्थ सामाजिक सम्बन्ध विकास गर्न सबै प्रकारका भेदभावको अन्त्य गरी समावेशीकरणको माध्यमबाट समानता र सामाजिक न्याय कायम गरिने छ ।

१३. धार्मिक, ऐतिहासिक, सामाजिक-सांस्कृतिक तथा पर्यावरणीय महत्वका मन्दिर, मस्जिद, नदि नाला आदिको संरक्षण एवं सम्बर्द्धन गर्ने कार्यक्रमहरु ल्याईनेछ ।

१४. गाउँपालिकालाई सफा र सून्दर नमूना गाउँपालिकाको रुपमा विकास गर्न सरसफाईमा विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ । यस गाउँपालिकालाई खुल्ला दिशामुक्त बनाउन भईरहेका कार्यलाई निरन्तरता दिदै थप प्रभावकारी कार्यहरु वडा स्तरीय र गाउँ स्तरीय रुपमा गरिनेछ ।

१५. यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, अपांग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । लैगिक विभेदमार्फत महिलाको स्थान समाजमा पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल धारमा ल्याउने, घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने, आफुले संविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अवको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ । अपांगता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाए नपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरिनेछ ।

**<u>वातावरण तथा विपद व्यवस्थापन तर्फ :</u>**

१६. जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । यसका लागि जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरि अगाडि बढ्ने नीति अख्तियार गरिनेछ । विपद व्यवस्थापनका पुर्व तयारीका कार्य तथा विपद पछिका कार्यमा क्षमता अभिबृद्धि गरिनेछ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

**संस्थागत विकास तर्फ :**

१७. गाउँ कार्यपालिकाको कार्यालयले आफु र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरु मार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ । आर्थिक क्षेत्रमा पनि मितव्ययीतता र औचियत्तालाई मध्यनजर गरी आर्थिक कारोबार गरिनेछ।

१८. यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न कार्य जिवनको गुण अभिबृद्धि गर्ने वातावरण सृजना गरिनेछ । कर्मचारीहरुलाई कार्य स्थलमा बसी सेवा प्रवाह गर्ने तथा गाउँपालिकाको निर्णयहरुलाई अक्षराशः कार्यान्वयनमा ल्याउनका लागि उत्प्रेरित हुने अवस्थाको सृजना हुने वातावरण मिलाइनेछ । कर्मचारीहरुको वृत्ति विकास गर्न आवश्यक कार्यक्रहरु सञ्चालन गरिनेछ ।

१९. यस क्षेत्रको आन्तरिक साधन स्रोतको पहिचान गरिनेछ । राजश्वको दर भन्दा दायरामा जोड दिई आन्तरिक आय अभिबृद्धि गर्ने नीति लिईनेछ । राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणमा जोड दिइनेछ ।

२०. नेपालको आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै अब बारागढी गाउँपालिकाको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ ।

२१. नेपालको संविद्यान २०७२ को अनुसुचि ८ स्थानीय तहको एकल अधिकार र अनुसुचि ९ संघ, प्रदेश र स्थानीय तहको संयुक्त अधिकार अन्तर्गत यस गाउँपालिकालाई प्रभावकारी रुपमा कार्य संचालनका लागि आवश्यक नितिगत ऐन, कार्यविधि, नियम, नियमावली र निर्देशिका बनाउदै अगाािड बढने नीती लिइनेछ ।

**<u>सभा अध्यक्ष ज्यु,</u>**

म अब गत आ.व. ०७४।०७५ को आय व्यय प्रस्तुत गर्न चाहन्छु ।

कुल बजेट रु.२४ करोड ८६ लाख ८८ हजार ४ सय ७० रुपैया १२ पैसा विनियोजन गरिएकोमा ।

चालु तर्फ रु. २ करोड ५९ लाख र पुजिगततर्फ रु.१३ करोड ९६ लाख २७ हजार ४ सय ७० रुपैया १२ पैसा मात्र र सर्शत अनुदान तर्फ ८ करोड ३१ लाख ६१ हजार मात्र रहेको थियो । जस मध्ये चालु र पुजिगत तर्फ खर्च भई कुल रु.४ करोड मौजदात भई चालु आ.ब.०७५/०७६ मा सारिएको छ । खर्चको पूर्ण विवरण अनुसुचिमा १ मा राखिएको छ ।

**<u>सभा अध्यक्ष ज्यु,</u>**

***म अब आ.व. ०७५।०७६ को बजेट प्रस्तुत गर्न चाहन्छु ।***

आ.व.२०७५।७६ मा यस गाउँपालिकामा वित्तीय समानीकरण तर्फ रकम रु. १० करोड ८ लाख १० हजार, राजश्व बाँडफाँड तर्फ रकम रु.५ करोड ७५ लाख ३० हजार आन्तरिक राजश्व तर्फ रु.५३ लाख ४५ हजार, बहुक्षेत्रिय पोषण तर्फ रु.१३ लाख ३४ हजार, नगद मौजदात तर्फ रु.४ करोड र सर्शत अनुदान तर्फ रु.६ करोड ६८ लाख समेत गरी यस आ.व.को कुल बजेट रकम **रु.२७ करोड १८ लाख १९ हजार** प्रस्ताव गरेको छु । आयको विवरण अनुसुचि २ मा राखिएको छ । आन्तरिक आयको विवरण अनुसुचि ३ मा राखिएको छ।

कुल बजेट मध्ये गाउँ कार्यपालिकाको चालु खर्च रु.५ करोड ९ लाख २१ हजार २५० रुपैया तथा पुँजिगत खर्च रु.१५ करोड २७ लाख ६३ हजार ७५०रुपैया र सर्शत तर्फ रु.६ करोड ८१ लाख ३४ हजार विनियोजन गरिएको छ । शिर्षकगत खर्चको विवरण अनुसूचि ४, चालु खर्चको विवरण अनुसूचि ५ र पुँजिगतको विवरण अनुसूचि ६ मा राखिएको छ ।

नोट :- ( *सामाजिक सुरक्षाको आय र व्यय यस शिर्षकमा समावेश गरिएको छैन।*

# गाँउकार्यपालिकाको कार्यालय

## आयको विवरण

## २०७५/०७६

अनुसुचि २ सँग सम्बन्धित

| | शीर्षक | आ.व. २०७४/७५ को यथार्थ | २०७५/०७६ |
|---|---|---|---|
| **आयः** | | | |
| | **राजस्वः** | | |
| | आन्तरिक राजश्व | | ५३४५००० |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम | | ५७५३०००० |
| | अन्य आय (गत आ.ब. को मौजदात) | | ४०००००००० |
| | बहुक्षेत्रिय पोषण | | १३३४००० |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | |
| | नेपाल सरकारबाट प्राप्त | | |
| | वित्तिय सम्मानीकरण | | ९८१०००००० |
| | सशर्त अनुदान | | ६१८०००००० |
| | प्रदेश सरकारबाट प्राप्त | | |
| | वित्तिय सम्मानीकरण | | २७१०००० |
| | सशर्त अनुदान | | ५०००००० |
| | अन्तर स्थानीय तहबाट प्राप्त | | |
| | **जनसहभागिताः** | | |
| | नगद सहभागिता | | |
| | श्रम तथा वस्तुगत सहायता | | ० |
| | **जम्मा** | | **२७१८१९०००** |

# आ.ब. ०७५/०७६ को आन्तरिक आयको विवरण :

अनुसुचि ३ सँग सम्बन्धित

| क्र.सं. | विवरण | आ.व.०७५/०७६ | आ.व.०७६/०७७ |
|---|---|---|---|
| १. | मालपोत तथाभूमि कर | ६००००००।०० | ७००००००।०० |
| २. | घर जग्गा कर | १५०००।०० | २००००।०० |
| ३. | घर बहाल कर | ५०००।०० | ७०००।०० |
| ४. | व्यापार व्यवसाय, उद्योग, मिलतथा पेशा कर | १५००००।०० | २०००००।०० |
| ५. | वार्षिक सवारी कर | १५०००।०० | १६०००।०० |
| ६. | पटके सवासरी कर | १०००००।०० | १५००००।०० |
| ७. | मनोरन्जन कर | २५०००।०० | ३००००।०० |
| ८. | विज्ञापन कर | १५०००।०० | २००००।०० |
| ९. | सवारी पार्किङ्ग शुल्क | ५०००।०० | १००००।०० |
| १०. | हाट बजार सेवाशुल्क | १०००००।०० | १५००००।०० |
| ११. | माछा पोखरी शुल्क | ११००००००।०० | ११२५०००।०० |
| १२. | पर्यटकीय क्षेत्र प्रवेश शुल्क | ५०००।०० | ७०००।०० |
| १३. | सरसफाई सेवाशुल्क | ५०००।०० | ७०००।०० |
| १४. | दर्ता तथानविकरण शुल्क | २५००००।०० | ३०००००।०० |
| १५. | नक्सापास दस्तुर | २५०००।०० | ३००००।०० |
| १६. | निवेदन, सिफारिस मुल्याङ्कन तथाअन्य सम्पूर्ण दस्तुर | ६०००००।०० | ७०००००।०० |
| १७. | टेण्डर फारम विक्री | २००००।०० | २५०००।०० |

| | | | |
|---|---|---|---|
| १८. | दण्ड जरिवाना कर | ५०००।०० | १००००।०० |
| १९. | लोडर भाडा | १००००००।०० | १२०००००।०० |
| २०. | पेश्की बेरुजु फिर्ता | १००००००।०० | ५०००००।०० |
| २१. | पानी ट्याकी भडा | ५०००।०० | १००००।०० |
| २२. | टिपर भाडा | ३०००००।०० | ४०००००।०० |
| | **जम्मा** | ५,३४५,०००.०० | ५,६१७,०००.०० |

# आ.ब.०७५/०७६ मा शिर्षकगत खर्चको विवरण :

**अनुसूचि ४ सँग सम्बन्धित**

| | | |
|---|---|---|
| | चालु | ५०,९२१,२५०.०० |
| | सर्शत चालु | ६६,८००,०००.०० |
| | बहुक्षेत्रिय पोषाण | १,३३४,०००.०० |
| | पुँजिगत तर्फ | |
| | आर्थिक विकास | ६,८३२,०००.०० |
| | सामाजिक तथा सास्कृतिक विकास | ३१,२३२,७५०.०० |
| | भौतिक विकास | ९६,०६९,०००.०० |
| | संस्थागत विकास | ५,१३०,०००.०० |
| | वातावरण तथा विपद व्वस्थापन | ५,५००,०००.०० |
| | म्याचिङ फण्ड | ३,०००,०००.०० |
| | विधायन समिति | १,०००,०००.०० |
| | सवारी साधन | ४,०००,०००.०० |
| | | **२७१,८१९,०००.००** |

बारागढी गाँउपालिका
गाँउकार्यपालिकाको कार्यलाय
व्यय अनुमान
आ.व. २०७५/०७६

अनुसूचि ५ सँग सम्बन्धित

| शीर्षक | | आ.व. २०७४/०७५ को यर्थाथ व्यय | अ.ब. २०७५।०७६ को व्यय अनुमान |
|---|---|---|---|
| **चालु खर्च** | | ०.०० | |
| २११११ | पारिश्रमिक तथा सुविधा कर्मचारी | | ७५०००००० |
| २१११२ | पारिश्रमिक तथा सुविधा पदाधिकारी | | ६१०००००० |
| २११२१ | पोशाक | | ६००००० |
| २११२२ | औषधी उपचार खर्च | | १०००००० |
| २११३२ | महंगी भत्ता | | ६५०००० |
| २११३३ | फिल्ड भत्ता | | १७२८०० |
| २११३५ | कर्मचारी प्रोत्साहन भत्ता | | ५००००० |
| २११३९ | अन्य भत्ता | | १५४३००० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | | ३०००००० |
| २११४२ | पदाधिकारी अन्य सुविधा | | ५००००० |
| २१२१४ | कर्मचारी कल्याण कोष | | ५००००० |
| २२१११ | पानी तथा बिजुली | | ५००००० |
| २२११२ | संचार महसुल | | १५५०००० |
| २२२११ | इनधन (पदाधिकारी) | | ५५०००० |
| २२२१२ | इनधन (कार्यालय प्रयोजन) | | २५००००० |
| २२२१३ | सवारी साधान मर्मत | | १०००००० |
| २२२१४ | विमा तथा नविकरण खर्च | | ५००००० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | | ५००००० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | | २३५१३५० |
| २२३१४ | इनधन अन्य प्रयोजन | | ६००००० |

| | | | |
|---|---|---|---|
| २२३१५ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च | | १००००००० |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | | ५०००००० |
| २२४११ | सेवा र परामर्श खर्च | | ५०००००० |
| २२४१३ | करार सेवा शुल्क | | ६००००००० |
| २२४१९ | अन्य सेवा शुल्क | | ५०००००० |
| **२२५११** | **कार्यक्रम तालिम खर्च** | | |
| १.१ | अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा सम्पूर्ण कर्मचारीहरुको लागि कम्प्युटर तालिम | | ५०००००० |
| १.२ | विषयगत शाखाका कर्मचारीहरुको लागि तालिम | | ३०००००० |
| १.३ | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अधिकृत तथा सम्पूर्ण क्षेत्रगतका प्रमूखहरुको सहभागितामा कार्य समन्वय गर्ने सम्बन्धि तालिम | | १५०००० |
| १.४ | बजेट निर्माण प्रक्रिया सम्बन्धि तालिम | | १५०००० |
| १.५ | सम्पूर्ण निर्वाचित जनप्रतिनिधि तथा सरोकारवाला कर्मचारीहरुका कार्यालय संचालन गर्ने सम्बन्धि तालिम | | १००००० |
| १.५ | कार्यालय सञ्चालन गर्ने तालिम | | |
| १.६ | महिलाका लागि सिपमूलक तालिम | | ८००,००० |
| १.७ | गाउँपालिका स्तरीय फुटबल, भलिबल र क्रिकेट प्रतियोगिता | | ५८०,००० |
| १.८ | आप्रावासन सम्बन्धि तालिम | | १२०,००० |
| १.९ | आधारभुत तहका शिक्षकहरुको तालिम | | २७८,२५० |
| १.१० | बालविकास सहयोगी कार्यकर्ताहरुको शैक्षिक सामाग्री निमाण सीपमुलाक तालिम | | १०९,५०० |
| १.११ | विधालय व्यवस्थापन समितिका पदाधिकारीहरु,प्र.अ तथा जनप्रतिनिधिहरुको अन्तरक्रिया | | १६६,९०० |
| १.१२ | सकरात्मक सोच तथा तनाव व्यवस्थापन कार्यक्रम | | ३००,०००.०० |
| १.१३ | आपाङ्गहरुलाई आयमूलक तालिम | | १४५,०००.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | | ५०००००० |

| | | | |
|---|---|---|---|
| २२६११ | अनुगमन मुल्यांकन खर्च | | १०९०००० |
| २२६१२ | भ्रमण खर्च | | ३००००० |
| २२७११ | विविध खर्च | | २७१४४५० |
| २२७२१ | सभा संचालन खर्च | | १०००००० |
| २८१४२ | घर भाडा | | ५००००० |
| २२१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडा | | ५००००० |
| | **जम्मा** | | **५०९२१२५०** |

# आ.ब.०७५/०७६ को पुजिगत खर्चको विवरणः

अनुसूचि ६ सँग सम्बन्धित

| आर्थिक विकास तर्फ : रु.६८,३२,०००।- | | | |
|---|---|---|---|
| | **कृषि तथा सिचाई** | | |
| | गेरकाही सिचाई अन्तर्गत कुलो सफाई तथा बाँध पैन | विसुनपुर्वा वार्ड नं.२ | ४००,०००.०० |
| | गाछी पैनको तटबन्ध निर्माण कार्य | विसुनपुर्वा वार्ड नं.२ | २१६,०००.०० |
| | जमूनी भिलवा सिपुरा भर्वनमा | वार्ड नं.३ | ४००,०००.०० |
| | स्प्रेटंकी १०० थान | वार्ड नं.३ | ५१५,०००.०० |
| | जमूनी बाँधमा | वार्ड नं.३ | ३००,०००.०० |
| | कृषि तालिम | पथरा वार्ड नं.४ | ५०,०००.०० |
| | पर्तापुर बाँध | पथरा वार्ड नं.४ | ३००,०००.०० |
| | तरकारी खेतीको लागि विउ वितरण | वार्ड नं.५ | १००००० |
| | आँप, लिची कटहरको बोट विरुवा वितरण | वार्ड नं.५ | ४००००० |
| | भिलवा सिचाई अन्तर्गत कुलो सफाई | वार्ड नं.६ | २००,०००.०० |
| | कृषि सडक गडहल देखि खोपवाको नयकाटोल जोडने नयाँ सडकमा माटो पर्ने | वार्ड नं.६ | ४००,०००.०० |

| | | | |
|---|---|---|---|
| | कृषि सडक गडहल स्वास्थ्य चौकी देखि नरही पैन हुँदै सानो हेंगौलिया सम्म नयाँ सडकमा माटो पर्ने | वार्ड नं.६ | ४००,०००.०० |
| | सिरसिया हेंगौलिया सिर्चाई अन्तर्गत हेंगौलिया कुलो सफाई | वार्ड नं.६ | १६६,०००.०० |
| | हितनारायण साहको घर देखि दक्षिण तियर नदी सम्म कुलो सफाई | वार्ड नं.६ | १००,०००.०० |
| | भगल पंडितको घर देखि मुल सडक सम्म कुलो सफाई | वार्ड नं.६ | १००,०००.०० |
| | हिउदे तरकारी विउमा मिनीकिट वितरण | गा.पा.स्तरीय | ४३५,०००.०० |
| | बायो अर्गेनिक विषादी वितरण | गा.पा.स्तरीय | ४५०,०००.०० |
| | **पशु :** | | |
| | औषधी वितरण | वार्ड नं.५ | ३००००० |
| | पशुपालन सम्बन्धि तालिम | वार्ड नं.५ | १००००० |
| | पशु शिविर संचालन | वार्ड नं.५ | २००००० |
| | तालिम भ्रमण औषधी वितरण वडा भरी | वार्ड नं.३ | ४००,०००.०० |
| | कृ.ग.कन्टेनर खरिद | गा.पा.स्तरीय | २००,०००.०० |

| | | | |
|---|---|---|---|
| | पशु पन्क्षी उपचार सेवा | गा.पा.स्तरीय | २५०,०००.०० |
| | रोग निदान परजिवि नियत्रण | गा.पा.स्तरीय | २००,०००.०० |
| | पशु स्वास्थ्य शिविर | गा.पा.स्तरीय | १५०,०००.०० |
| | हिउदे घाँसको विउ वितरण | गा.पा.स्तरीय | १००,०००.०० |

# सामाजिक तथा सास्कृतिक विकासः रु.३,१२,३२,७५०।-

| | | | |
|---|---|---|---|
| | शिक्षा | | |
| | ्श्रीने.रा.मा.वि. बुद्धगाई शिक्षक व्यवस्थापन | वार्ड नं.१ | २९९,000.00 |
| | श्री ने.रा.प्रा.वि. बसतपुर शिक्षक व्यवस्थापन | वार्ड नं.१ | १९५,000.00 |
| | वार्ड नं.२ अन्तर्गतका विध्यालयहरुमा फर्निचर व्यवस्थापन | विसुनपुर्वा वार्ड नं.२ | २००,000.00 |
| | ने.रा.प्रा.वि. विसुनपुर्वामा कम्पाउण्ड वाल निर्माण | विसुनपुर्वा वार्ड नं.२ | ३००,000.00 |
| | नथुनि ने.रा.प्रा.वि. दौर्वामा कम्पाउण्ड वाल निर्माण | दौर्वा वार्ड नं.२ | २२४,000.00 |
| | श्री ने.रा.प्रा.वि. मलाही गेट निर्माण | मलाही वार्ड नं.२ | १००,000.00 |
| | खोपवा स्कुलको भवन निर्माण | खोपवा वार्ड नं.३ | १,२००,000.00 |
| | नयका टोला स्कुलमा पर्खाल निर्माण | नयका टोला वार्ड नं.३ | ७००,000.00 |
| | मुर्की स्कुलमा पर्खाल निर्माण | मुर्की वार्ड नं.३ | ४००,000.00 |
| | श्री उमेश निलम प्रा.वि. सुखी पथराको अधुरो भवन निर्माण | पथरा वार्ड न.४ | १,000,000.00 |
| | श्री ने.रा.मा.वि. सिहासनीको कम्पाउण्ड वाल निर्माण | बैरिया वार्ड नं.५ | ७00000 |
| | श्री ने.रा.मा.वि. सिहासनीको व्यवस्थापन | बैरिया वार्ड नं.५ | ५00000 |

| | | | |
|---|---|---|---|
| | श्री गम्भीरा ब्रजकिशोर मा.वि.को अधुरो भवन मर्मत तथा रङ्गरोगन | गडहल वार्ड नं.६ | ५००,०००.०० |
| | श्री ने.रा.प्रा.वि. मा शौचालय निर्माण र माटो पुर्ने | गडहल वार्ड नं.६ | ४००,०००.०० |
| | **स्वास्थ्य** | | |
| | चर्पी निर्माण | वार्ड नं.१ | १००,०००.०० |
| | हे.प. मा दक्षिण तिरबाट आउने कुलोमा कर्ल्भट निर्माण | वार्ड नं.१ | ३००,०००.०० |
| | अधुरो भवन निर्माण तथा स्वास्थ्य चौकी भवन फिनिसिङ्ग र रङ्गरोगन | वार्ड नं.१ | ४००,०००.०० |
| | स्वास्थ्य चौकी पुर्वको भवन मर्मत तथा स्तरोन्नती गर्ने काय | विसुनपुर्वा वार्ड नं.२ | २५०,०००.०० |
| | स्वास्थ्य चौकी विसुनपुर्वामा फर्निचर व्यवस्थापन | विसुनपुर्वा वार्ड नं.२ | १५०,०००.०० |
| | अस्पताल ढलान, पलस्तर, रङ्गरोगन | मुर्की टोल वार्ड नं.३ | ४००,०००.०० |
| | स्वास्थ्य चौकी सुखीपथरा मर्मत र रंगरोदन | पथरा वार्ड न.४ | १५०,०००.०० |
| | स्वास्थ्य चौकीको अधुरो पर्खाल | बैरिया वार्ड नं.५ | ५००००० |
| | बर्थिङ्ग सेन्टर र स्वास्थ्य चौकीको लागि उपकरण खरिद | गा.पा. स्तरीय | ५००,०००.०० |
| | बर्थिङ्ग सेन्टर र स्वास्थ्य चौकीको लागि औषधि खरिद | गा.पा. स्तरीय | ६००,०००.०० |
| | स्वास्थ्य शाखाको लागि सावारी साधन तथा मेशिनरी औजार खरिद | गा.पा. स्तरीय | ३००,०००.०० |

| | | | |
|---|---|---|---|
| | FCHV हरुकोलागि झोला र छाता | गा.पा. स्तरीय | १०४,०००.०० |
| | फिल्डमा खट्ने कर्मचारी तथा का.स.हरुको लागि साइकल रैनकोट | गा.पा. स्तरीय | १६६,०००.०० |
| | इन्धन (स्वास्थ्य संस्था प्रमुखलाई मासिक बैठकको लागि) जनहि ५ली. | गा.पा. स्तरीय | |
| | स्वास्थ्य संस्थाको लागि इन्भर्टर र बैट्री | गा.पा. स्तरीय | ९०,०००.०० |
| | **खानेपानी तथा सरसफाई** | | |
| | शुद्ध खानेपानी चापाकलहरु जडान गर्नुपर्ने ठाउँहरु पथर, नयका टोला, सुखि, पोखरिया | पथरा वार्ड न.४ | २५०,०००.०० |
| | स्वच्छ खानेपानीको व्यवस्थापन कार्यको लागि | गा.पा स्तरीय | १,०००,०००.०० |
| | गाउँपालिका खुल्ला दिशामुक्त गर्न चर्पी लगायत समानहरु वितरण | गा.पा स्तरीय | ३,५००,०००.०० |
| | **संस्कृतिक** | | |
| | तराईको महान चार्ड छठीको लागि सरसफाई तथा सामाग्री वितरण | विसुनपुर्वा वार्ड नं.२ | ५००,०००.०० |
| | **खेलकुद तथा मनोरंजन** | | |
| | खेलकुद समाग्रीहरु | पथरा वार्ड न.४ | ५०,०००.०० |
| | युवाको लागि खेलकुद सामाग्री खरिद गरी वितरण कार्य | विसुनपुर्वा वार्ड नं.२ | २५०,०००.०० |

| | | | |
|---|---|---|---|
| | युवाको लागि खेलकुद सामाग्री वितरण | वार्ड नं.३ | ५०,०००.०० |
| | खेलकुद समाग्री वितरण वडा भरी | सिहासनी वार्ड नं.५ | १५०००० |
| | खेलकुद समाग्री वितरण | गडहल वार्ड नं.६ | १५०,०००.०० |
| | **लैंगिक समानता तथा समावेशीकरण** | | |
| | युवाहरुलाई सिपमूलक तथा आयमूलक तालिम रोजगार प्रवर्द्धन | विसुनपुर्वा वार्ड नं.२ | ३००,०००.०० |
| | आपाङ्गहरुलाई आयमूलक तालिम | विसुनपुर्वा वार्ड नं.२ | १४५,०००.०० |
| | विपन्न बालबालिकाहरुलाई अभिमूखिकरण सचेतना तालिम | विसुनपुर्वा वार्ड नं.२ | ३०५,०००.०० |
| | अति विपन्न परिवारलाई खर्च निर्माणको लागि समाग्री निर्माण | पथरा वार्ड न.४ | १५०,०००.०० |
| | महिला सिलाई कटाई आय आर्जन | पथरा वार्ड न.४ | १५०,०००.०० |
| | दलित उत्थान कार्यक्रम | पथरा वार्ड न.४ | ५०,०००.०० |
| | आदिवासी जनजाती | पथरा वार्ड न.४ | १५०,०००.०० |
| | आपङ्गको लागि समाग्री | पथरा वार्ड न.४ | १००,०००.०० |
| | आदिवासी जनजाती , मधेशी ,मुस्लिम, पिछडावर्गको लागि समाग्री खरिद | गडहल वार्ड नं.६ | ४००,०००.०० |

| | | | |
|---|---|---|---|
| | दलित उत्थाको लागि समाग्री खरिद | गडहल वार्ड नं.६ | १५०,०००.०० |
| | **समाजिक तथा सास्कृतिक पूर्वधार** | | |
| | मुस्लिम समुदायको कब्रस्थान घेरवार | बुद्धगाई वार्ड नं.१ | २०६,०००.०० |
| | अधुरो श्री सरस्वती माताको मन्दिर | बुद्धगाई वार्ड नं.१ | ३००,०००.०० |
| | श्रीराम जानकीको अधुरो मठ निर्माण | बुद्धगाई वार्ड नं.१ | १,०००,०००.०० |
| | अधुरो सामुदायिक भवन निर्माण उत्तर तिर | भवानीपुर वार्ड नं.१ | २००,०००.०० |
| | अधुरो सामुदायिक भवन निर्माण दक्षिण तिर | भवानीपुर वार्ड नं.१ | ३००,०००.०० |
| | मठको अधुरो भवन निर्माण | मुर्की वार्ड नं.३ | २५०,०००.०० |
| | ब्रह्म बाबाको कम्पाउण्ड तथा गेट | खोपवा वार्ड नं.३ | २००,०००.०० |
| | मठको भवन मर्मत संम्भार | खोपवा वार्ड नं.३ | २००,०००.०० |
| | प्रहरी चौकीको भवनको वाल निर्माण | मुर्की वार्ड नं.३ | २००,०००.०० |
| | मठको शिव मन्दिर निर्माण | नयकाटोल वार्ड नं.३ | २००,०००.०० |
| | दलित सामुदायिक भवन निर्माण | खोपवा वार्ड नं.३ | २००,०००.०० |

| | | | |
|---|---|---|---|
| | पथरा ब्रह्मबाबाको चौतारा निर्माण | पथरा वार्ड न.४ | ६०,०००.०० |
| | हनुमान मन्दिर निर्माण रामानन्दको घर निर | पथरा वार्ड न.४ | ४००,०००.०० |
| | पथरा ब्रह्म बाबाको जग्गा ०-१२-१२ जग्गामा चारै तिरबाट घेरवाल पर्खाल निर्माण | पथरा वार्ड न.४ | १,०००,०००.०० |
| | पथरा मठ पर्खाल निर्माण गर्ने कार्यको लागि | पथरा वार्ड न.४ | ८००,०००.०० |
| | पथरा चमार टोल अधुरो दलित भवन निर्माण | पथरा वार्ड न.४ | ७००,०००.०० |
| | पथरा पासवान टोल अधुरो शैलेश बाबा निर्माण | पथरा वार्ड न.४ | २५०,०००.०० |
| | नयका टोल पथरा पाकडको रुख निर सामुदायिक भवन निर्माण | पथरा वार्ड न.४ | ८००,०००.०० |
| | सामुदायिक भवन निर्माण पोखरीया टोल | पथरा वार्ड न.४ | ५००,०००.०० |
| | गा.पा.वार्ड नं.४ को कार्यालय पर्खाल निर्माण | पथरा वार्ड न.४ | १,०००,०००.०० |
| | सवै टोलमा तारपोल जडान | पथरा वार्ड न.४ | २५०,०००.०० |
| | रामजानकी मन्दिरको भवन निर्माण | गोठ सिहासनी वार्ड नं.५ | १०००००० |
| | पथरामा रामजानकी मन्दिर निर्माण | पथरा वार्ड न.५ | ५००००० |
| | आन्नदको घर निर अधुरो सामुदायिक भवन | सिहासनी वार्ड नं.५ | ४००००० |

| | | | |
|---|---|---|---|
| | अधुरो अतिथि गृह निर्माण, बैरिया टोल | बैरिया टोल वार्ड नं.५ | ५००००० |
| | अधुरो हनुमान मन्दिर निर्माण | गडहल वार्ड नं.६ | ७००,०००.०० |
| | कब्रस्तानको जग्गा छुटियाई माटो पुर्ने | गडहल वार्ड नं.६ | ३००,०००.०० |
| | सानो हेंगौलिया टोलमा चौतारा निर्माण | सानो हेंगौलिया वार्ड नं.६ | १००,०००.०० |
| | सामुदायिक अधुरो भवन मर्मत तथा रङ्गरोगन | सानो हेंगौलियावार्ड नं.६ | २५०,०००.०० |
| | साविक वार्ड नं.१ को सामुदायिक भवन निर्माण | गडहल वार्ड नं.६ | ३००,०००.०० |
| | साविक वार्ड नं.३ को अधुरोसामुदायिक भवन निर्माण | गडहल वार्ड नं.६ | ३००,०००.०० |

| भौतिक तथा पूर्वधार विकास : रु.९,६०,६९,०००।- | | | |
|---|---|---|---|
| | अशोक साहको मिल देखि शंकर सहनीको घर सम्म पक्की | पिप्रा वार्ड नं.१ | १,०००,०००.०० |
| | राजाराम साह कानुको घर देखि ब्रह्मबाबा सम्म पक्की ढलान | पिप्रा वार्ड नं.१ | १,०००,०००.०० |
| | देवदत्त सरको घर देखि कलजुग ठाकुरको घर सम्म बाटो ढलान | बेलवा वार्ड नं.१ | ५००,०००.०० |
| | श्री राजेश्वरी माई मन्दिरमा अधुरो संरचना निर्माण | वार्ड नं.१ | २,०००,०००.०० |
| | सामुदायिक भवन स्कुल देखि पश्चिम भवन निर्माण | बुद्धगाई वार्ड नं.१ | ७००,०००.०० |
| | हनुमान चौध देखि बेलवा टोल सम्मको बाटोमा माटो पुरी ग्रैभल | बेलवा वार्ड नं.१ | ७००,०००.०० |
| | पन्नालालको घर निर कल्भेट निर्माण | पिप्रा टोल वार्ड नं.१ | ५००,०००.०० |
| | मेघुको घर देखि मोलाहीको घर सम्म ढलान | बसतपुर वार्ड नं.१ | १००,०००.०० |
| | श्रीसाहको घर देखि रामचन्द्र चौधरीको भैसी छारी सम्म पक्की ढलान | बसतपुर वार्ड नं.१ | १,०००,०००.०० |
| | श्री हनुमान चौक देखि बेलवा टोल जाने बाटोमा ट्रान्सफर्मर निर कल्भेट | बेलवा वार्ड नं.१ | ३००,०००.०० |
| | कुलमणिको खरियान देखि बुद्धपैन सम्मको बाटोमा पक्की ढलान | बेलवा वार्ड नं.१ | १,०००,०००.०० |
| | ने.रा.प्रा.वि. पिप्रा कम्पाउण्ड निर्माण | वार्ड नं.१ | ३००,०००.०० |
| | रामस्रुपको घर नजिक कुलोमा कल्भेट निर्माण | भवानीपुर वार्ड नं.१ | ३००,०००.०० |

| | | | |
|---|---|---|---|
| | माई ब्रह्मबाबाको मन्दिर निर्माण | भवानीपुर वार्ड नं.१ | ३००,०००.०० |
| | श्री बारागढी वार्ड नं.१ को कार्यालय प्रखाल वाल पालस्टर, चैन गेट १ वटा चर्पी फिनिसिङ्ग गर्न | वार्ड नं.१ | १,०००,०००.०० |
| | राजकिशोर चौधरीको घर देखि प्रेम चौधरीको खेत सम्म माटोपुरी ग्रभल | विसुनपुर्वा वार्ड नं.२ | ३००,०००.०० |
| | अतिथि भवनकको गेट निर्माण तथा पछाडी तिर माटो पुरी कम्पाउण्ड वाल | विसुनपुर्वा वार्ड नं.२ | ३००,०००.०० |
| | विसुनपुर्वा गाउँको पूर्व पटिको ब्रह्म स्थान कम्पाउण्ड निर्माण | विसुनपुर्वा वार्ड नं.२ | २००,०००.०० |
| | दशरत चौधरीको घर निर कल्भेट निर्माण | विसुनपुर्वा वार्ड नं.२ | ३०,०००.०० |
| | विनोद कानुको घर देखि विनोध चौधरीको घर सम्म माटो पुरी ग्रेभल | विसुनपुर्वा वार्ड नं.२ | ३०,०००.०० |
| | अधुरो महिला भवन निर्माण | विसुनपुर्वा वार्ड नं.२ | ३००,०००.०० |
| | अधुरो बजारको चर्पी निर्माण | विसुनपुर्वा वार्ड नं.२ | १००,०००.०० |
| | अधुरो भुईया बाबा तथा सलेस बाबाको मन्दिर निर्माण | विसुनपुर्वा वार्ड नं.२ | २००,०००.०० |
| | चमार टोलको बकुलिया पैनमा पुल निर्माण | विसुनपुर्वा वार्ड नं.२ | १,२००,०००.०० |
| | इनरमन महराको घर देखि रघुनाथ महराको घर सम्म माटो पुरी ग्रेभल | विसुनपुर्वा वार्ड नं.२ | ५०,०००.०० |

| | | | |
|---|---|---|---|
| | चमार टोलमा सामुदायिक भवन निर्माण गर्ने | विसुनपुर्वा वार्ड नं.२ | २५०,०००.०० |
| | ट्रान्सफरर्मर १०० के.वी.को खरिद गर्ने | विसुनपुर्वा वार्ड नं.२ | ७००,०००.०० |
| | पोलतार खरिद गरी जडान गर्ने | विसुनपुर्वा वार्ड नं.२ | २५०,०००.०० |
| | अधुरो महिला भवन निर्माण गर्ने | दौर्वा वार्ड नं.२ | ३००,०००.०० |
| | अधुरो मुसहर टोलको चर्पी निर्माण गर्ने | दौर्वा वार्ड नं.२ | २००,०००.०० |
| | होमपाईप जडान पछीगाछी जाने बाटोमा | विसुनपुर्वा वार्ड नं.२ | ३००,०००.०० |
| | अधुरो सामुदायि भवन निर्माण गर्ने | दौर्वा वार्ड नं.२ | ६००,०००.०० |
| | अधुरो मुसहर भवन निर्माण गर्ने | दौर्वा वार्ड नं.२ | २००,०००.०० |
| | श्याम शंकर चौ.को गोठ देखि शिव शंकरको घर सम्म ढलान | दौर्वा वार्ड नं.२ | ६००,०००.०० |
| | गोढी पैन देखि विुसुनपुर्वा पैन सम्म माटो पुरी कल्भर्ट निर्माण | दौर्वा वार्ड नं.२ | ८००,०००.०० |
| | महिन्द्र साहको घर देखि स्कुल सम्म ढलान | दौर्वा वार्ड नं.२ | ६००,०००.०० |
| | गुरुप्रसाद चौधरीको पोखरी निर सिचाई कुलोमा कल्भर्ट निर्माण | दौर्वा वार्ड नं.२ | ५०,०००.०० |
| | अधुरो शिव मन्दिर निर्माण गर्ने | मलाही वार्ड नं.२ | ३००,०००.०० |

| | | | |
|---|---|---|---|
| | घुसुकपुर जाने बाटोमा दुई ठाउँमा कल्भर्ट निर्माण | मलाही वार्ड नं.२ | १५०,०००.०० |
| | चमार टोल देखि जिब्राईलको घर सम्म नाला निर्माण | विसुनपुर्वा वार्ड नं.२ | १,६००,०००.०० |
| | अधुरो सामुदायि भवन निर्माण गर्ने | मलाही वार्ड नं.२ | ३००,०००.०० |
| | दशरत चौधरीको घर देखि शैलेश बाबा सम्म नाला र ग्रेभल | विसुनपुर्वा वार्ड नं.२ | २५०,०००.०० |
| | बाबुलाल रायको घर देखि मदनको घर सम्म सडक ढलान | सिपुरा वार्ड नं.३ | १,८००,०००.०० |
| | राम एकबालको घर देखि चौतारा सम्म सडक ढलान | सुन्दरपुर वार्ड नं.३ | ६००,०००.०० |
| | नयका टोला खेदुको घर देखि रामचन्द्रको घर हुँदै खेदुको गुम्टी सम्म ढलान | नयकाटोल वार्ड नं.३ | ७००,०००.०० |
| | पारस ठाकुरको देखी विगनेशवर चौधरी को घर सम्म ढलान | खोपवा वार्ड नं.३ | १,४००,०००.०० |
| | विधि महराको घर देखि गाउँपालिका सम्म ढलान | सिपुरा वार्ड नं.३ | ८००,०००.०० |
| | शिवनारायणको घर देखि विगनेश्वर चौधरीको घर सम्म माटो पुरी ग्रेभल | खोपवा वार्ड नं.३ | १००,०००.०० |
| | ओलार देखि सुरेन्द्र चौधरीको घर सम्म माटो पुरी ग्रेभल | वार्ड नं.३ | १८५,०००.०० |
| | हरिन्द्र यादवको घर देखि जोगिन्द साहको घर सम्म माटो पुरी ग्रेभल | वार्ड नं.३ | १००,०००.०० |
| | मुखा मुखियाको घर देखि यादव टोल हुँदै सेढी जाने बाटोमा नाला निर्माण | मुर्की वार्ड नं.३ | १,७००,०००.०० |

| | | | |
|---|---|---|---|
| | सुरेन्द्र चौधरीको घर सम्म अधुरो नाला | खोपवा वार्ड नं.३ | ४००,०००.०० |
| | तारपोल वार्ड नं.३ भरी | वार्ड नं.३ | ६००,०००.०० |
| | समुदायिक भवन देखी सुखी दलित टोला पूल सम्म सडक ढलान | पथरा वार्ड नं.४ | १,६००,०००.०० |
| | पथरा स्कुल देखि जुगती पंजियारको घर सम्म अधुरो ढलान | पथरा वार्ड नं.४ | ६००,०००.०० |
| | रामएकवाल ठाकुरको घर देखी पैन सम्म नाला निर्माण | पथरा वार्ड नं.४ | १,०००,०००.०० |
| | बिचला इनार देखी वाहो पारी पैन सम्म नाला निर्माण | पथरा वार्ड नं.४ | ५००,०००.०० |
| | बिरेन्द्र साहको घर देखी शिवशंकरको घर सम्म नाला निर्माण | पथरा वार्ड नं.४ | ५००,०००.०० |
| | सुखि टोल दरोगाको घर देखी दक्षिण पूल सम्म अधुरो नाला निर्माण | पथरा वार्ड नं.४ | ५००,०००.०० |
| | उमेशको घर देखि पश्चिम तर्फको बाटो सम्म नाला निर्माण | पथरा वार्ड नं.४ | ३५०,०००.०० |
| | नायकाटोला पथरा देखी स्कुलको पिपर रुख सम्म माटो पुरी ग्रेभल | पथरा वार्ड नं.४ | ८००,०००.०० |
| | रामकिशुनको घर देखी नारायण मास्टरको गोठ सम्म माटो पुरी ग्रेभल | पथरा वार्ड नं.४ | ५००,०००.०० |
| | कटैया नदी देखी पोखरीया मठ सम्म ग्रेभल | पथरा वार्ड नं.४ | ५००,०००.०० |
| | इनार देखि विरेन्द्र मुखियाको घर सम्म माटो पुरी ग्रेभल | सुखि वार्ड नं.४ | १००,०००.०० |
| | जयरामको घर देखि हरिशंकर चौधरीको घर सम्म पक्की ढलान | सिहासनी वार्ड नं.५ | १,०००,०००.०० |

| | | | |
|---|---|---|---|
| | बैजनाथको घर देखि शिवदयालको घर सम्म पक्की ढलान | बैरिया वार्ड नं.५ | १,०००,०००.०० |
| | चौक देखि नितनारायणको घर सम्म पक्की ढलान | पथरा वार्ड नं.५ | १,५००,०००.०० |
| | महादेव स्थान देखि राजकिशोरको घर सम्म पक्की ढलान | सिहासनी वार्ड नं.५ | १,०००,०००.०० |
| | भगनारायणको घर देखि प्रदेशीको घर सम्म पक्की ढलान | सिहासनी वार्ड नं.५ | १,०००,०००.०० |
| | लालबाबुको घर देखि चलितरको घर सम्म पक्की ढलान | बैरिया वार्ड नं.५ | ४००,०००.०० |
| | टोकरी टोलको लागि पोल तार | टोकरी छोल वार्ड नं.५ | ५००,०००.०० |
| | देवराजको घर देखि नागेन्द्र पटेलको घर सम्म नाला निर्माण | सिहासनी वार्ड नं.५ | ७००,०००.०० |
| | ब्रह्मदेवको घर देखि आनन्दको घर हुँदै गिरधारीको घर सम्म नाला निर्माण | सिहासनी वार्ड नं.५ | ५००,०००.०० |
| | त्रिलोकी घर देखि दिलिपको घर हुँदै चौक सम्म नाला निर्माण | पथरा वार्ड नं.५ | ३००,०००.०० |
| | सुकदेवको घर देखि गजेन्द्रको घर सम्म नाला | बैरिया वार्ड नं.५ | ५००,०००.०० |
| | श्री ने.रा.प्रा.वि.पथरा अधुरो पर्खाल | पथरा वार्ड नं.५ | २५०,०००.०० |
| | मुल सडकमा नाला निर्माण तथा माटो पुरी ग्रेभल | गडहल वार्ड नं.६ | ७,२३४,०००.०० |
| | वडा कार्यालय देखि मूल सडक सम्म बाटो ढलान | गडहल वार्ड नं.६ | ७००,०००.०० |

| | | | |
|---|---|---|---|
| | पोल तार खरिद गर्नको लागि | गडहल वार्ड नं.६ | ४००,०००.०० |
| | साविक वार्ड नं.४ मा माटो पुरी ग्रेभेल | गडहल वार्ड नं.६ | ५००,०००.०० |
| | गडहल देखि हेंगौलिया मठ सम्म सडकको दुवै साईडमा माटो पुर्ने तथा बाँकी भागमा ग्रेभल गर्ने | ठूलो हेंगौलिया वार्ड नं.६ | ४००,०००.०० |
| | चोन्हा पडितको घर दखि विजुलि राउतको घर सम्म माटो पुरी ग्रेभल | गडहल वार्ड नं.६ | २००,०००.०० |
| | पुरुषोत्तम फौजदारको घर नि कल्भर्ट निर्माण | गडहल वार्ड नं.६ | १५०,०००.०० |
| | भवानीपुर गाउँमा नाला निर्माण | वार्ड नं. १ गा.पा स्तरीय | ३,५००,०००.०० |
| | भवान्ीपुर गाउँमा डुभान पुल देखि दक्षिण छठीमाई घाँट सम्म माटो ग्रेभल | वार्ड नं. १ गा.पा स्तरीय | ५,५००,०००.०० |
| | भवानीपुर देखी वेलवा चोक सम्म माटो भरी ग्रेभल | वार्ड नं. १ गा.पा स्तरीय | ६५०,०००.०० |
| | गाछी पैनको तटबन्ध कुलराजको घर देखि टान्सफरर्मर सम्म | वार्ड नं. २ गा.पा स्तरीय | ७००,०००.०० |
| | दौर्वा मठमा भवन अधुरो निर्माण | वार्ड नं. २ गा.पा स्तरीय | १५०,०००.०० |
| | मलाही गाउँमा हृदय नारायण यादवको मिल देखि अरवा नदी जाने बाटो ढलान | वार्ड नं. २ गा.पा स्तरीय | ७००,०००.०० |
| | गढीमाई मन्दिर पुजारीको घरको लागि | वार्ड नं. २ गा.पा स्तरीय | ५०,०००.०० |
| | नयका टोला पुल देखि करौना सेडा सम्म माटो ग्रेभल | वार्ड नं. ३ गा.पा स्तरीय | २,४००,०००.०० |

| | | | |
|---|---|---|---|
| | विश्वनाथ मनिदरको प्राङ्गनमा पार्वति मन्दिर | वार्ड नं. ३ गा.पा स्तरीय | ५००,०००.०० |
| | मुर्की गाउँ देखि जमुनी नदी बरेवा घाँट सम्म माटो ग्रैभल | वार्ड नं. ३ गा.पा स्तरीय | ७००,०००.०० |
| | मुसहर टोल अधुरो भुईया बाबा भवन निर्माण , खोपवा | वार्ड नं. ३ गा.पा स्तरीय | १००,०००.०० |
| | मुर्की पुल मर्मत | वार्ड नं. ३ गा.पा स्तरीय | २५०,०००.०० |
| | सुखी मठमा मनिदर निर्माण | वार्ड नं. ४ गा.पा स्तरीय | २५०,०००.०० |
| | सुखि देखि पदम रोड सम्म माटो पुर्ने काम | वार्ड नं. ४ गा.पा स्तरीय | १००,०००.०० |
| | पथरा देखि नयका टोला पथरा सम्म माटो पुर्ने | वार्ड नं. ४ गा.पा स्तरीय | २००,०००.०० |
| | उमेश निलम ने.रा.प्रा.वि.अधुरो भवन निर्माण | वार्ड नं. ४ गा.पा स्तरीय | १,५००,०००.०० |
| | रामानन्दको घर देखि हनुमान चौक सम्म माटो पुरी ग्रेभल | वार्ड नं. ४ गा.पा स्तरीय | २५०,०००.०० |
| | सामुदायिक भवन भुई ढलान, सुखी | वार्ड नं. ४ गा.पा स्तरीय | १००,०००.०० |
| | वाईपास सडक पथरा माटो ग्रैभल | वार्ड नं. ५ गा.पा स्तरीय | १,५००,०००.०० |
| | महिला सामुदायिक भवन च. पथरा पछियारी टोला | वार्ड नं. ५ गा.पा स्तरीय | ७००,०००.०० |
| | सिहासनी देखि टोकारी टोल मुसहर्ना माटो ग्रैभल | वार्ड नं. ५ गा.पा स्तरीय | १,०००,०००.०० |
| | ईनार व्यवस्थित गर्ने | वार्ड नं. ५ गा.पा स्तरीय | १००,०००.०० |

| | | | |
|---|---|---|---|
| | मनोज चौधरीको घर देखि मोति चौधरीको घर सम्म ढलान | वार्ड नं. ६ गा.पा स्तरीय | ३००,०००.०० |
| | फौजदार पटी सामुदायिक भवन निर्माण | वार्ड नं. ६ गा.पा स्तरीय | १,०००,०००.०० |
| | हेंगौलिया पोखरा छठ घाँट निर्माण र चौतारा निर्माण | वार्ड नं. ६ गा.पा स्तरीय | ७००,०००.०० |
| | ईनार मर्मत | वार्ड नं. ६ गा.पा स्तरीय | १००,०००.०० |
| | होमपाईप | गा.पा स्तरीय | १,८५०,०००.०० |
| | छोरी जन्म भत्ता | गा.पा स्तरीय | ५००,०००.०० |
| | साहितक कार्यक्रम तर्फ | गा.पा स्तरीय | २०,०००.०० |
| | पशु स्वास्थ्य सेवा भवन पिप्रा | गा.पा स्तरीय | २८०,०००.०० |
| | ट्रेविज निर्माण पिप्रा | गा.पा स्तरीय | १००,०००.०० |
| | पिप्रा वजार देखि बुद्धगाई जाने बाटोमा भवानीपुरको बाँध सम्म माटोपुरी ग्रेवल | गाउँपालिका स्तरीय | १,०००,०००.०० |
| | वसतपुरको अधुरो सहनी भवन निर्माण तथा मर्मत | गाउँपालिका स्तरीय | ५००,०००.०० |
| | वसतपुरको तत्माटोलमा दलित भवन निर्माण | गाउँपालिका स्तरीय | ८००,०००.०० |
| | रामजानकी मठ मलाहीमा दुर्गा मन्दिर निर्माण | गाउँपालिका स्तरीय | ६००,०००.०० |

| | | | |
|---|---|---|---|
| | रामजानकी मठ विसुनपुवा दुर्गा मन्दिर निर्माण | गाउँपालिका स्तरीय | ६००,०००.०० |
| | दौर्वा वजार देखि इनार सम्म बाटो ढलान | गाउँपालिका स्तरीय | ८००,०००.०० |
| | छठी घाट निर्माण मलाही मठ देखि उत्तर | गाउँपालिका स्तरीय | २५०,०००.०० |
| | शैलेस बाबाको मन्दिर निर्माण दौर्वा | गाउँपालिका स्तरीय | २५०,०००.०० |
| | श्रीपुरा पर्तीमा अधुरो शिव मन्दिर निर्माण | गाउँपालिका स्तरीय | ४००,०००.०० |
| | सिपुरा स्कुलमा पर्खाल निर्माण | गाउँपालिका स्तरीय | १,५००,०००.०० |
| | मुर्की माईस्थान देखि चौकी सम्म ढलान | गाउँपालिका स्तरीय | १,७००,०००.०० |
| | गाउँपालिका देखि रजैया सडक सम्म विस्तार गरी माटोपुरी ग्रेवल | गाउँपालिका स्तरीय | ७००,०००.०० |
| | वचु मियाको गोठ देखि छठी माईको स्थान सम्म नाला निर्माण, पथरा | गाउँपालिका स्तरीय | ८००,०००.०० |
| | सियाराम साहको घर देखि श्रीपुरा जमुनी नदीको पुल सम्म माटो पुरी ग्रेभल | गाउँपालिका स्तरीय | ३,०००,०००.०० |
| | सामुदायिक भवन ब्रह्क स्थान निर निर्माण तथा मर्मत सम्भार, वार्ड नं.५ | गाउँपालिका स्तरीय | ६००,०००.०० |
| | सामुदायिक भवन निर्माण स्वास्थ्इ चौकी निर गडहल | गाउँपालिका स्तरीय | १,७००,०००.०० |

| | | | |
|---|---|---|---|
| | महिला सम्वद्धर्न सामुदायिक सिकाई केनद्र बारागढी १ लाई व्यवस्थापनको लागि | गाउँपालिका स्तरीय | १,०००,०००.०० |
| | गजेन्द्र साहको घर देखि ब्रह्म स्थान सम्म ग्रेभल बैरिया | गाउँपालिका स्तरीय | ३००,०००.०० |
| | जयराम चौधरीको घर देखि देवलालको घर सम्म नाला | गाउँपालिका स्तरीय | १५०,०००.०० |
| | पलटनको घर देखि स्कुल सम्म माटो पुरी ग्रेभल सिहासनी | गाउँपालिका स्तरीय | ३५०,०००.०० |

| संस्थागत विकास तर्फ : रु.५१,३०,०००।- | | |
|---|---|---|
| ३११२२ | मेशिनरी औजार | १,१३०,०००.०० |
| ३१११५ | फर्निचर तथा फिक्चर्स | १,५००,०००.०० |
| ३११७१ | पुजिगत निर्माण सुधार खर्च | १,०००,०००.०० |
| | सार्वजनिक सुनुवाई | २००,०००.०० |
| | पदाधिकारी तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण | १,०००,०००.०० |
| | प्रगति प्रतिवेदन प्रकाशन | २००,०००.०० |
| | गाउँपालिकाको सम्पूर्ण पञ्जिकरण प्रणालीलाई अनलाईन | १००,०००.०० |

| | | |
|---|---|---|
| वातावरण तथा विपद व्वस्थापन | गा.पा.स्तरीय | ५,५००,०००.०० |
| म्याचिङ फण्ड | गा.पा.स्तरीय | ३,०००,०००.०० |
| विधायन समिति | गा.पा.स्तरीय | १,०००,०००.०० |
| सवारी साधन | गा.पा.स्तरीय | ४,०००,०००.०० |

*सर्शत अनुदान र बहुक्षेत्रिय पोषण कार्यक्रमको बजेट खर्च केन्द्र, प्रदेश र जिल्लाबाट सोझै किटान गरेर आएको हुनाले सोको विवरण प्रस्तुत गरिएको छैन ।*

**अन्त्यमा**

यो नीति तथा कार्यक्रम एवम बजेट निर्माणको क्रममा मलाई अहोरात्र खटि सहयोग गर्नुहुने सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु ,यस बारागढी गाउँपालिकाका समृद्धि एव्म विकासमा सदभाव तथा सहयोग गर्नुहुने सम्पुर्ण राजनीतिक दल ,नागरीक समाज ,शिक्षक, बुद्धिजिवि, महिला ,व्यावसायि बर्ग ,करदाता ,आम नागरिक,सञ्चार जगत, विषयगत कार्यालय ,सरकारी तथा गैर सरकारी एव्म सामुदायिक संस्था लगायत सम्पुर्ण सरोकारवालामा हार्दिक कृतज्ञता ब्यक्त गर्दछु ।

! ! ! **धन्यवाद** ! ! !